# शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८०।०६।१८

यस नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमको पद करार सेवामा लिनु पर्ने भएकोले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. भानुचौक, जनकपुरधाममा रहेको खाता नं. १२२०१००३०१०१००१० मा रकम दाखिला गरेको भौचर वा कार्यालयबाट जारी भएको नगदी रसिद सहित दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त पदहरुको लागि दरखास्त फारम कार्यालयको website www.shahidnagarmun.gov.npबाट डाउनलोड गर्न वा कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

तपसिलः-

| विज्ञापन नं. | आवश्यक संख्या | पद | तह | आवश्यक न्यूनतम योग्यता | उमेरको हद म्याद |
|---|---|---|---|---|---|
| ६।२०८०/८१ | १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | सामान्य लेखपढ गर्न सक्ने साथै मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको। | १८ वर्ष पूरा भएको |
| ७/२०८०/८१ | २ | ट्रेक्टर चालक(हे.स.च) | श्रेणी विहिन | सामान्य लेखपढ गर्न सक्ने साथै Category E को सवारी चालक अनुमति पत्र भएको | १८ वर्ष पूरा भएको |
| ८/२०८०/८१ | १ | एम्बुलेन्स चालक | श्रेणी विहिन | सामान्य लेखपढ गर्न सक्ने साथै Category B को सवारी चालक अनुमति पत्र भएको | १८ वर्ष पूरा भएको |
| ९/२०८०/८१ | १ | सहायक हेभी ब्याकहो लोडर चालक | श्रेणी विहिन | सामान्य लेखपढ गर्न सक्ने। | १८ वर्ष पूरा भएको |
| १०/२०८०/८१ | ६ | सरसफाइ कर्मचारी | श्रेणी विहिन | सामान्य लेखपढ गर्न सक्ने। | १८ वर्ष पूरा भएको |
| ११/२०८०/८१ | १ | भूमि अधिकृत | अधिकृत छैठौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको वा सो सरह । | २१ वर्ष पूरा भएको |
| १२/२०८०/८१ | १ | कम्प्यूटर ओपरेटर | सहायक चौथो | मान्य प्राप्त शैक्षिक संस्थाबाट S.L.C. वा S.E.E. वा १० कक्षा उत्तीर्ण भएको हुनु पर्ने र कम्प्यूटर सम्बन्धी ३ महिने तालिम लिएको हुनु पर्ने | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १३/२०८०/८१ | १ | आप्रवासी स्रोत केन्द्र (सूचना तथा परामर्शकर्ता) | सहायक पाँचौ | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको । साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| १४/२०८०/८१ | १ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम लिई सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको<br>वा<br>मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ., असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १५/२०८०/८१ | १ | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाँचौ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, सुरक्षित बैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |

१. **दरखास्त दिने स्थानः-** शहीदनगर नगरपालिकाको कार्यालय यदुकूहा, धनुषा।

२. **दरखास्त फारम बुझाउने मितिः-** २०८०।०६।१८ गते देखी २०८०।०७।०२ गते सम्म (कार्यालय समय भित्र) उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म।

३. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-** नागरिकताको प्रमाणित प्रतिलिपी, दरखास्त दस्तुर बुझाएको सक्कल भौचर/रसिद तथा सवारी चालकको हकमा सम्बन्धी सवारीको सवारी चालक अनुमति पत्र।

४. **परीक्षा दस्तुरः-** कार्यालय सहयोगी, टेक्टर चालक (ह.स.च), एम्बुलेन्स चालक, सहायक हेभी ब्याकहो लोडर चालक र सरसफाई कर्मचारीको लागि रकम रु.३००।-(अक्षरेपी तीन सय मात्र), कम्प्यूटर अपरेटर सहायक चौथो तह, आप्रवासी स्रोत केन्द्र (सूचना तथा परामर्शकर्त) पाँचौ तह, मनोसामाजिक परामर्शकर्ता पाँचौ तह र वित्तीय साक्षरता सहजकर्ता पाँचौ तहको लागि रकम रु ५००।- र भूमि अधिकृतको छैठो तहको लागि रकम रु १०००।-।
**नोटः** यस कार्यलयबाट मिति २०७९/०५/१९ गते विज्ञापन हुदाँ माथि उल्लेखित पदहरुका लागि आवेदन पेश गरेका सवै उम्मेदवारहरुलाई समावेश गरिनेछ र मिति २०७९/०५/१९ गतेको विज्ञापन अनुसार माथि उल्लेखित पदका लागि आवेदन पेश गरेका उम्मेदवारहरुले पून आवेदन पेश गर्नु पर्दैन।

५. **तलब स्केल तथा कार्यशर्त विवरणः-** करार सम्झौतामा उल्लेख भए बमोजिम।

६. **परीक्षाको किसिमः-** कार्यालय सहयोगी, टेक्टर चालक (ह.स.च), एम्बुलेन्स चालक, सहायक हेभी ब्याकहो लोडर चालक र सरसफाई कर्मचारी, आप्रवासी स्रोत केन्द्र (सूचना तथा परामर्शकर्त) पाँचौ तह, मनोसामाजिक परामर्शकर्ता पाँचौ तह र वित्तीय साक्षरता सहजकर्ता पाँचौ तहको लागि अन्तर्वाता मात्र लिइनेछ।
**भूमि अधिकृत छैठो तह लाई लिखित र अन्तर्वाता लिइनेछ। कम्प्यूटर अपरेटर सहायक चौथो तहलाई प्रयोगात्मक र अन्तर्वाता लिइनेछ।**

७. **अन्तर्वाता मितिः** सहायक हेभी ब्याकहो लोडर चालकको लागि अन्तर्वाता हुने मिति २०८०/०६/०३ बिहानको ७ बजे, एम्बुलेन्स चालकको लागि अन्तर्वाता मिति २०८०/०६/०३ बिहानको ८ बजे, टेक्टर चालक(ह.स.च)को लागि अन्तर्वाता हुने मिति २०८०/०६/०३ बिहानको ९ बजे र कार्यालय सहयोगी पदको लागि अन्तर्वाता हुने मिति २०८०/०६/०३ गते बिहानको १० बजे, आप्रवासी स्रोत केन्द्र (सूचना तथा परामर्शकर्त) पाँचौ तहको लागि अन्तर्वाता मिति २०८०/०६/०४ गते बिहानको १० बजे, मनोसामाजिक परामर्शकर्ता पाँचौ तहको लागि अन्तर्वाता मिति २०८०/०६/०४ गते १२ बजे, वित्तीय साक्षरता सहजकर्ता पाँचौ तहको अन्तर्वाता मिति २०८०/०६/०४ गते दिउँसो २ बजे र सवै उम्मेदवारहरु अन्तर्वाताको लागि शहिदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यलयमा उपस्थित हुनु पर्नेछ।
**नोटः मिति २०७९/०५/१९ गते विज्ञापन अनुसार माथि उल्लेखित पदहरुका लागि उम्मेदवारी दर्ता गराएका उम्मेदवारहरुलाई समेत अन्तर्वातामा उपस्थित भई अन्तर्वाता दिनु पर्नेछ।**

८. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।

९. रित नपुगी आएका दरखास्त फारम उपर कुनै कारवाही हुने छैन।

१०. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**थप जानकारीको लागिः-**

Website:- shahidnagarmun.gov.np

CamScanner